आज मिति २०७८।०५।०३ गते बिहिबारका दिन यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७८/७९ को पहिलो कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ..........................................................................

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री मदन गौतम ..........................................................................

६. कार्यवाहक वडा अध्यक्ष : श्री मेनुका देवी बजगाईं ..........................................................

७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ..........................................................................

८. वडा अध्यक्ष : श्री कृष्ण ब. यवा ..........................................................................

९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ..........................................................................

१०. का पा सदस्य श्री कामुदा गुरुङ ..........................................................................

११. का पा सदस्य श्री माया कन्दङवा ..........................................................................

१२. का पा सदस्य श्री विष्णुकला उभरकोटी ..........................................................................

१३. का पा सदस्य श्री टिकाराम धमला ..........................................................................

१४. का पा सदस्य श्री दुर्गामाया परियार ..........................................................................

१५. सदस्य सचिव श्री बिक्रम लिम्बु ..........................................................................

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई.......................................................................

१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना..........................................................

प्रस्तावहरु :-

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।

२. आ व २०७७/७८ को समग्र चालू र पूँजिगत खर्च प्रगति र नगद मौज्दात सम्बन्धमा।

३. गाउँ शिक्षा समितिको सिफारिस अनुमोदन सम्बन्धमा।

४. बार्षिक विकास कार्यक्रम कार्यान्वियन योजना- २०७८ स्विकृत गर्ने

५. बार्षिक खरिद योजना-२०७८ स्विकृति गर्ने।

६. आ व २०७८/७९ का लागि स्थानीय दररेट निर्धारण गर्ने।

७. प्रशासकीय भवन निर्माणको लागि आवश्यक IEE तयार गर्ने।

८. गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम (मेडपा) सञ्चालन सम्बन्धमा।

९. हिलिहाङ गाउँपालिकाको वेरोजगार व्यक्तिहरु लाई सुचिकृत गर्ने सम्वन्धमा।

१०. स्वास्थ्य सम्बन्धी एजेण्डाहरु।

११. संक्षिप्त/प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्विकृति सम्बन्धमा।

१२. घ वर्गको निर्माण व्यवसायको ईजाजत प्रदान गर्ने सम्बन्धमा।

१३. करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वियन गर्ने/गराउने निर्णय समेत गरियो।

**निर्णय नं. - २**

चालु आ व २०७७/७८ मा गाउँपालिकाको सञ्चित कोषबाट भएको खर्च प्रगति विवरणका आधारमा चालु र पुँजिगत प्रकृतिका खर्च प्रतिशत देहायनुसार रहेको जानकारी गराउने निर्णय गरियो।

तपशिल:

| क्र स | खर्चको विवरण | खर्च प्रतिशत |
|---|---|---|
| १ | चालु खर्च प्रतिशत | ८५.९१% |
| २ | पूँजिगत खर्च प्रतिशत | ७४.८३% |
| ३ | समग्र बजेट खर्च प्रतिशत | ८२.६७% |

साथै प्रदेश सवारीकरबाट प्राप्त हुने राजश्व बाँडफाँड अनुमानित आय भन्दा रु ९,५७,७१५ (९ लाख ५७ हजार ७ सय १५) कम र संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान अनुमानित आय भन्दा रु १,०८,९३,८६१।५४ (१ करोड ८ लाख ९३ हजार ८ सय ६१ रुपैया ५४ पैसा) कम समेत गरी जम्मा १ करोड १८ लाख ५१ हजार ५ सय ७६ रुपैया कम प्राप्त भएको र आ व २०७७/७८ को अन्त्य सम्ममा वास्तविक खर्चका आधारमा रु २ करोड ९४ लाख ४३ हजार ३ सय ८४ रुपैया ६८ पैसा वास्तविक अ ल्या (नगद मौज्दात) हुने यथार्थ विवरण जानकारी गराईयो।

**निर्णय नं.- ३**

श्री जयभवानी आ वि हिलिहाङ ७ टारीले कक्षा ९ थपका लागि अनुमति माग, श्री सिद्व माध्यमिक विधालय हिलिहाङ ४ पञ्चमीले कक्षा १२ को सञ्चालन अनुमति र श्री सिंहपुर पशुपति माध्यमिक विधालय हिलिहाङ २ ले कक्षा ११ को पठनपाठन सञ्चालनका लागि अनुमति माग भई आएको सन्दर्भमा यस गाउँपालिकाको शिक्षा समितिको मिति २०७८/०५/०१ गते बैठक वसि सिफारिस गर्ने निर्णय सहित पेश गरेको प्रतिवेदनका आधारमा सम्बन्धित विधालयहरुलाई प्रचलित कानुनले तोके बमोजिमका प्रकृया पुरा गरी आएमा आर्थिक व्ययभार सम्बन्धित विधालयहरुले नै व्यहोर्ने गरी थप कक्षा तथा तह सञ्चालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं - ४**

नवौ गाउँसभाको बर्खे अधिवेशन बाट आ व २०७८/७९ का लागि स्विकृत बार्षिक विकास कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन तालिका निर्माण सम्बन्धमा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) बमोजिम यसै कार्यपालिका बैठकद्वारा देहायनुसार हुने गरी स्विकृत गर्ने निर्णय गरियो।

योजना कार्यान्वयन तालिका

| योजना | उपलब्धि सूचक परिमाण तहको | विनियोजित बजेट | जिम्मेवार | प्रारम्भ गर्ने | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|
| | | | | | |

**निर्णय नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली बमोजिम आ व २०७८/७९ का लागि स्विकृत बार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयन विधि निर्धारण सम्बन्धमा देहायनुसार हुनेगरि निर्णयहरु पारित गरियो।

- यस आ व को बार्षिक खरिद योजनामा हेभि मेशिन द्वारा मात्र सञ्चालन गर्न सकिने जटिल प्रकृतिका निर्माणजन्य योजनाहरुलाई प्याकेज बनाई सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिष्पर्धात्मक रुपले शिलबन्दी तथा बोलपत्र आह्वान गरी निर्माण खरिद गर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम ठेक्का प्रकृयाबाट कार्यान्वयन हुने सार्वजनिक क्षेत्रका आयोजनामा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीले आयोजना निर्माण गर्न आवश्यक पर्ने अदक्ष श्रमिक आयोजना प्रमुख मार्फत सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रसँग माग गरी काममा लगाउनु पर्नेछ । आयोजना प्रमुखले निर्माण व्यवसायीसँग गर्ने ठेक्का सम्झौतामै निर्माण व्यवसायीलाई आवश्यक पर्ने अर्धदक्ष र दक्ष श्रमिक गाँउपालिकाको रोजगार सेवा केन्द्रबाटै माग गरी काममा लगाउनु पर्नेछ भन्ने शर्त अनिवार्य समावेश गर्नु पर्नेछ।
- हेभि मेशिनको प्रयोग बिना जनश्रमदान मार्फत सञ्चालन गर्न सकिने श्रममुलक सरल प्रकृतिका आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो।
- साथै कार्यक्रमहरु (तालिम, सेमिनार, कार्यशाला, गोष्ठी, उदघाटन तथा समापन समारोह खर्च, अध्ययन अवलोकन भ्रमण तथा अन्य कार्यक्रमहरु) को खर्च सञ्चालन मापदण्ड नेपाल सरकार अर्थ मन्त्रालय द्वारा जारी गरिएको कार्यक्रम सञ्चालन निर्देशिका २०७५ ले तोके बमोजिमको खर्च मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

मिति २०७८ असार २० गते बसेको यस कार्यालयको स्थानीय दररेट निर्धारण समितिले आ व २०७८/७९ का लागि निर्धारण गरेको ज्यालादर, भाडादर, निर्माण सामाग्रीहरुको दर, घर मूल्याङकन निर्धारण दर तथा अन्य निर्माण सामाग्रीहरुको निर्धारित दररेटलाई स्विकृत गरी आ व २०७८/७९ का लागि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस कार्यालयको प्रशासकीय भवन निर्माणका लागि आवश्यक IEE निर्माण गर्न आवश्यक परामर्श सेवा खरिदका लागि प्रचलित मापदण्ड बमोजिम लागत अनुमान स्विकृत गरी प्रकृया तुरुन्तै अघि बढाउने निर्णय गरियो । साथै उक्त स्विकृत लागत अनुमानको रकम सम्बन्धित विनियोजित रकम रु २ करोडबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

- गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका २०७७ बमोजिम यस आर्थिक वर्ष २०७८/७९ का लागि वडा नं ३ र ५ नं वडालाई छनौट गरी उक्त वडाहरुमा मेडपा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।
- गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ११ बमोजिम सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने प्रावधान अनुरुप आवश्यक प्रकृया पुरा गरि गत आ व मा छनौट भएको सेवाप्रदायक संस्था श्री मानव विकास केन्द्र नेपाल झापाको कार्यसम्पादन सन्तोषजनक पाईएकोले यस आर्थिक वर्षमा पनि निरन्तरताका लागि म्याद थप गरी सम्झौता गर्ने निर्णय गरियो ।
- गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा रिक्त रहेका उधम विकास सहजकर्ता पद (संख्या २) का लागि कार्यविधि बमोजिम विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रकृया अघि बढाउन पदपुर्ति समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

यस गाउँपालिकाको रोजगार सेवाकेन्द्र द्धारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रममा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम आ.व. २०७८/०७९ मा वेरोजगारी सूची निर्धारण तथा प्राथमिकीकरण २०७६ को अधिनमा रही वडा समितिबाट छनौट भइ आएका न्यूनतम १०० दिन बराबरको रोजगारीमा संलग्न इच्छुक वेरोजगार व्यक्तिहरु वेरोजगारी सूची निर्धारण तथा प्राथमिकीकरण २०७६ को दफा ६ को क बमोजिम स्थानीय निर्देशक समितिबाट छानविन गरी मिति २०७८/०४/३२ गतेको वैठकको निर्णयबाट सिफारिस भई पेश हुन आएका तपशिलका वडाहरुमा रहेको बेरोजगार व्यक्तिहरुलाई सूचिकृत गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | वडा नं. | वेरोजगार व्यक्तिहरु | कैफियत |
|---|---|---|---|
| १ | १ | ३८ जना | |
| २ | २ | ११८ जना | |
| ३ | ३ | ५६ जना | |

| | | | |
|---|---|---|---|
| ४ | ४ | ४८ जना | |
| ५ | ५ | ५६ जना | |
| ६ | ६ | ५६ जना | |
| ७ | ७ | ७५ जना | |
| | जम्मा | ४४७ | |

**निर्णय नं १०**

कोभिड संक्रमणको परिस्थिति अझैपनि विषम रहेको अवस्था र गाउँपालिकामा मौजुदा रहेको निम्नानुसारको अत्यावश्यकीय स्वास्थ्य सामाग्रीहरुलाई मध्यनजर गरी देहायनुसारको स्वास्थ्य सामाग्रीहरु तत्काल प्रकोप व्यवस्थापन कोषबाट खर्च व्यहोरिने गरि तपशिलका सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो।

| सामाग्रीहरुको विवरण | मौजुदा अवस्था | माग संख्या | कैफियत |
|---|---|---|---|
| PPE Set | ६ वटा | ५० थान | |
| Antigen Kit | १८ वटा | ३०० थान | |

**निर्णय नं ११**

वातावरण संरक्षण ऐन २०७६ र यस गाउँपालिकाको स्विकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ अनुरुप यस कार्यालयले प्रस्ताव गरेका तपसिलका आयोजना तथा कार्यक्रमहरुलाई आगामी वर्ष कार्यान्वयन गर्न निम्नानुसारका परामर्शदाताहरुले तयार गरी छलफल तथा सुझावका लागि यस कार्यपालिका बैठकमा पेश गरिएका तपसिलका प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE Report) र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BESR) हरुलाई स्विकृति प्रदान गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

तपसिल :

| क्र स | प्रस्तावित आयोजना तथा कार्यक्रमहरु | प्रतिवेदनहरु | परामर्शदाता |
|---|---|---|---|
| १. | सल्लेरी-सुभाङ-पञ्चमी-अमरपुर सडक स्तरोन्नति | प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन- २०७८ (IEE Report) | श्री Rapti Mechi Engineering Consultancy, Panchthar |
| २. | हिलिहाङ दरबार (प्यागोडा शैली) भवन निर्माण | प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन- २०७८ (IEE Report) | श्री Rapti Mechi Engineering Consultancy, Panchthar |
| ३. | हंसपुर खेल मैदान निर्माण | प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन- २०७८ (IEE Report) | श्री Attractive Engineering Consultancy Pvt. Ltd, Ktm |
| ४. | नदीजन्य पद्वार्थको उत्खनन तथा संकलन | संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन - २०७८ (BES Report) | श्री Engineers Consulting & Construction |

**निर्णय नं १२**

यस कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम श्री सुरज निर्माण सेवाले निर्माण व्यवसाय सञ्चालन सम्बन्धी ईजाजत पत्र माग भई आएकोले सोही कार्यविधि बमोजिमको जाँचबुझ समितिले दिएको सिफारिस तथा प्रतिवेदनका आधारमा निवेदक श्री सुरज निर्माण सेवालाई घ वर्गको निर्माण व्यवसायको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं १३**

आ व २०७७/७८ मा करार सम्झौता गरिएका स्वास्थ्य, कृषि, पशु, सिभिल प्राविधिक तथा वडा कार्यालयहरुमा कार्यरत करारका कर्मचारीहरुको करार सम्झौता नविकरण गरी प्रचलित कानुनले तोके बमोजिमको म्याद थप गर्ने निर्णय गरियो।